# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २४ | काठमाडौं | बुधबार, ३ जेठ २०८० | Prabhab National Daily | Wednesday, May 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**व्यावसायिक कृषिले बनाउँछ सुखी ।**

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यावसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यावसायिक कृषि र पशुपालन गरौं,
- व्यावसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# उदयपुर सिमेन्ट डुबाउन चलखेल

## बत्ती काटियो, उत्पादन ठप्प

■ जेबी योञ्जन

**काठमाडौं–** दक्षिण एसियाकै उत्कृष्ट सिमेन्ट गैंडा सिमेन्ट उत्पादन गर्ने उदयपुर सिमेन्ट उद्योग लिमिटेड पछिल्लो समय धराशायी बन्दै गएको छ। उद्योगले बत्तीको महसुल बुझाउनसमेत सकेको छैन । फलस्वरूप नेपाल विद्युत् प्रधिकरणले उद्योगको विद्युत् प्रवाह रोकिदिएको छ ।

उदयपुरको त्रियुगा नगरपालिकास्थित जलजलेमा रहेको उद्योगका कर्मचारी बत्ती काटिँदा अहिले अन्धकारमा बस्न बाध्य छन् । 'विद्युत् अवरुद्ध हुँदा पानी पिउनसमेत पाएका छैनौं । मोबाइल चार्ज गर्न गाउँतिर निस्कनुपर्छ । चर्को गर्मीमा फ्यान नचलाई अफिसमा काम गर्नुपरेको छ,' जलजलेमा रहेको उद्योगका एक कर्मचारीले भने ।

पछिल्लोपटक उद्योग नचल्दा पैसा तिर्न नसकेपछि बत्ती काटिएको ती कर्मचारीले बताए । बत्ती काटिएको ठीक एक दिनअघि शनिबार संघीय उद्योगमन्त्री रमेश रिजाल उद्योगपरिसरमा पुगेका थिए । मन्त्री रिजालले सिमेन्ट उद्योगको ३५औं साधारणसभा उद्घाटन गर्दै उद्योग राम्रोसँग चलाउन सक्नेगरी आगामी बजेटमा व्यवस्था गर्ने बताएका थिए। त्यसको ठीक भोलिपल्ट आइतबारबाट उद्योगको विद्युत् अवरुद्ध भएको कर्मचारीको भनाइ छ। 'मन्त्रीज्यू दिनभर घुम्नुभयो। साधारणसभा पनि भयो,' ती कर्मचारीले भने, 'मन्त्रीजी जानसाथ भोलिपल्टबाट बत्ती काटियो।' अहिले उद्योग नै ठप्प छ।

मन्त्री आएकै समयमा महाप्रबन्धक गोपीकृष्ण न्यौपाने भने काठमाडौं आएका छन्। महाप्रबन्धक नहुँदा व्यवस्थापनको काम सबै रोकिएका छन् । जसले गर्दा कर्मचारी के गर्ने/के नगर्ने भन्ने अन्योलमा परेका छन् ।

बत्ती काटिएकै दिन निमित्त नायब महाप्रबन्धक महेशप्रसाद शाहले नेपाल विद्युत् प्रधिकरण उदयपुर वितरण केन्द्रलाई अनुरोधपत्र लेख्दै विद्युत् प्रवाह खोलिदिन आग्रह गरेका थिए । 'प्राधिकरणलाई हाम्रो के अनुरोध छ भने दुवै सरकारी संस्था भएकोले उक्त रकम तत्काल हिसाब मिलान गरी फरफारक गरिदिनुहुन तथा आजैका मितिदेखि विद्युत् लाइन नियमित गरी गैंडा छाप सिमेन्ट उद्योग सञ्चालनको वातावरण बनाइदिनुहुन विनम्र अनुरोध गर्दछौं,' उदयपुर सिमेन्टको अनुरोधपत्रमा भनिएको छ । तर, प्राधिकरणबाट उद्योगको उक्त अनुरोधको कुनै सुनुवाइ भएको छैन ।



- उद्योगमन्त्री रमेश रिजालले उद्योगको ३५औं साधारणसभा उद्घाटन गरेकै भोलिपल्टबाट बत्ती काटिएपछि सिमेन्ट उत्पादन ठप्प
- भ्रष्टाचारको आरोप लाग्दै नाराबाजी सुरू भएपछि महाप्रबन्धक गोपीकृष्ण न्यौपाने काठमाडौंतिर
- सरकारदेखि निजी क्षेत्र निजी सिमेन्ट उद्योगलाई पोस्न लागेको कर्मचारीको आरोप

**कति छ बक्यौता ?**

उदयपुर सिमेन्टले २४ करोड रूपैयाँ विद्युत् प्रधिकरणलाई तिर्न बाँकी छ । '२४ करोडको हिसाब मिलानबाहेक अरु हामीले नियमितरूपमा तिरेका छौं,' शाहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निजी सिमेन्ट उद्योगले अर्ब तिर्न बाँकी हुँदा बत्ती नकाटिने तर सरकारी उद्योगको बत्ती काटिनु शंकास्पद विषय भएकोसमेत एक कर्मचारीले दाबी गरे । 'निजीले डेढ अर्ब अझै तिरेका छैनन् । तर सरकारी उद्योगले २४ करोड नतिर्दा बत्ती काटिएको छ,' ती कर्मचारीले भने, 'पक्कै पनि यसमा निजी क्षेत्रको (बाँकी पृष्ठ २ मा)

## महाप्रबन्धक बदमास रहेछन्



**रमेश रिजाल**
**मन्त्री**
**उद्योग, वाणिज्य तथा आपूर्ति**

**मन्त्रीज्यू उदयपुर सिमेन्ट पुग्नु, बत्ती काटिनु एकैचोटि भएछ नि ?**

अस्ति पुग्या थिएँ । साधारणसभा पनि भयो । जिएमको बदमासी हेर्नुस्, जिएमले के गर्‍यो भने तीन दिनअघि नै खबर पाएको रहेछ । हामीलाई भन्दा पनि भनेनन् । काट्नुभन्दा अघि जिएम १० मिनेट अगाडि त्यहाँबाट भाग्यो ।

**जिएम त बिरामी भएर अस्पताल आउनुभएको रे नि ?**

कहाँ बिरामी हुनु । त्यहाँबाट भागेको मान्छे ।

**सबै उहाँविरुद्ध लागेको भन्ने छ नि ?**

बदमास रहेछ जिएम । मेरो स्वकीय सचिवले फोन गर्दा पटकपटक आउँछु भन्छन् । आज पनि आउँछु, भोलि पनि आउँछु भन्छन् त्यो आउँदै आउँदैन ।

**अब कहिले जोडिन्छ त त्यहाँको बत्ती ?**

दुईचोटि ऊर्जामन्त्रीजी(शक्तिबहादुर बस्नेत)लाई भनें। मन्त्रीजीले जोडाइदिन्छु भने पनि अहिलेसम्म जोडेको छैन । महाप्रबन्धक न्यौपाने बिदामा गएपछि निमित्त पनि कोही छैन । चेक कसले काट्ने ? म लागिरहेको छु । क्याबिनेटमै पनि मन्त्रीज्यूसँग कुरा राखें। त्यहाँको कार्मचारीले २५ प्रतिशत त बुझाउनुपर्छ भन्छ रे। चेक काट्ने (बाँकी पृष्ठ ५ मा)

## तुलामा जोखिन तयार छु



**गोपीकृष्ण न्यौपाने**
**महाप्रबन्धक**
**उदयपुर सिमेन्ट उद्योग लि.**

**उद्योगको बत्ती काटिएछ, तपाईंलाई जानकारी छ कि छैन ?**

यो सिमेन्ट उद्योग सरकारी संस्था हो। अहिले धराशायी पनि हुँदै गएको छ । अप्ठेरो पनि हुँदै गएको छ। हाम्रो कस्ट हाइ भएको छ। त्यसलाई मिलाएर जाउँभन्दा हुन्छ भन्नुभएको थियो विद्युत्का हाकिमले । पत्रचार गर्न नपाउँदै अस्ति साधारणसभा सकिएर म हिँडे । अलि सञ्चो पनि भएन । म अध्यक्षज्यूलाई भनेर हिँडेको । म हिँडेपछि लाइन काटेछ । लाइन काटेपछि हामीले विज्ञप्ति जारी गरेका छौं ।

**अहिले कस्तो छ उद्योगमा ?**

अहिले हाम्रा स्टाफलाई बत्ती छैन। पानी छैन। पानी पम्पिङ गरेर तान्नुपर्छ। कमसेकम बत्ती पानी छाडे त अरु के हुन्थ्यो ? हाम्रो सरकारी संस्था हो हामी कहाँ जान्थ्यौ र ? कुलमान घिसिङसँग बसिन्थ्यो । भडचाङभुड्ङ गर्नुपर्ने अवस्था थिएन । कुलमान सर पनि बाहिर हुनुहुँदो रहेछ।

**तपाईं भागेर काठमाडौं आउनुभएको हो ?**

म प्रेसरले यहाँ आएँ। खासै डराउनुपर्ने त रहेनछ। अब उता गएपछि स्टेप चाल्छु। एकपटक बसेर निर्णय लिन्छु। उद्योगमन्त्रीलाई पनि जाहेरी गरिसकेका छौं। यति हो कुरा। (बाँकी पृष्ठ ५ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# पुन:एकीकरण कार्यक्रमलाई १५ करोड अनुदान

- कार्यक्रम सञ्चालनका लागि ८१ स्थानीय तह छनोट
- एउटा स्थानीय तहले आठदेखि २६ लाखसम्म अनुदान पाउने

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूलाई लक्षित गरी सञ्चालन गर्न लागेको पुन:एकीकरण कार्यक्रमका लागि १५ करोड रूपैयाँ अनुदान दिने भएको छ । कार्यक्रम सञ्चालनको अनुमति पाएका ८१ स्थानीय तहलाई वैदेशिक रोजगार बोर्ड सचिवालयले उक्त रकम अनुदानको रूपमा दिने भएको हो ।

बोर्ड सचिवालयले केही समयअघि पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि स्थानीय तहसँग प्रस्ताव माग गरेको थियो । सोही आधारमा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पठाएका १५६ मध्ये ८१ स्थानीय तह छनोटमा परेका थिए । सरकारले गत वर्ष असारमा वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ स्वीकृत गरेसँगै बोर्डले आवश्यक पूर्वतयारी थालेको थियो ।




छनोटमा परेका सबै स्थानीय तहले कार्यक्रम सञ्चालन गरिरहेको बोर्डले जनाएको छ । 'अहिले पाइलट प्रोजेक्टको रूपमा विदेशबाट फर्किएका तीन हजार २२० कामदारलाई समेटेर कार्यक्रम सञ्चालन भइरहेको छ,' बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने, 'यो कार्यक्रमको प्रभावकारितालाई हेरेर आगामी आर्थिक वर्ष ठूलै संख्या समेटिनेगरी अहिलेको भन्दा बढी स्थानीय तहसँग कार्यक्रम सञ्चालन गर्न समन्वय गर्नेछौं ।' विदेशबाट फर्किएका कामदारको संख्याका आधारमा एउटा स्थानीय तहलाई आठदेखि २६ लाख रूपैयाँसम्म अनुदान दिइने बोर्डले जनाएको छ । अनुदान रकम स्थानीय तहमार्फत विदेशबाट फर्किएका कामदारको वित्तीय साक्षरता, मनोपरामर्श, उद्यमशीलता, आर्थिक सशक्तीकरण र सीप तथा तालिमका लागि खर्च हुने बताइन्छ ।

वैदेशिक रोजगारीमा जाने सबै कामदार सकुशल फर्किने सम्भावना नभएको भन्दै श्रम गन्तव्यमा समस्या पर्ने, बिरामी हुने, अंगभंग हुनेहरूलाई समेत समाजमा पुन:स्थापित गर्ने उद्देश्यकासाथ पुन:एकीकरण कार्यक्रम सञ्चालन गरिएको कार्यकारी निर्देशक उप्रेतीले बताए । 'कार्यक्रमले स्वदेश फर्किएकालाई समाज र परिवारमा स्थापित गराउन र उद्यमशीलताको मार्गमा लैजान महत्त्वपूर्ण भूमिका खेल्नेछ,' उनले भने ।

कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगार कल्याणकारी कोषको रकम प्रयोग गर्नसक्ने व्यवस्था भए पनि संघ, प्रदेश तथा स्थानीय तह र अन्तर्राष्ट्रिय दातृ निकायले पनि सहकार्य गर्न सक्ने बोर्डले जनाएको छ। विभिन्न गन्तव्य मुलुकले पुन: एकीकरण कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने बताए पनि अहिलेसम्म दक्षिण कोरियालेमात्रै आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको बताइएको छ।

# यस्तो छ नेपाली दूतावास युएईको कार्यसम्पादन

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले वैशाख महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ। दूतावासले २०८० को सुरुआती महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्यहरूमध्ये एक युएईमा रहेको नेपाली दूतावासले प्रत्येक महिना आफूले गरेका प्रमुख कार्यसम्पादनहरूको विवरण सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले युएईमा रहेका नेपालीहरूको समस्या समाधान तथा सहजीकरणमा गरेको कार्यसम्पादन तथा प्रगति विवरणमा वैशाख महिनामा दुई हजार ५४० पासपोर्ट नवीकरणका लागि संकलन भएको जनाएको छ । त्यस्तै दुई हजार ६१६ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको विवरणमा उल्लेख छ।

यसैगरी ४६ जनालाई भिसा प्रदान गरिएको छ। यसअघि चैत्र महिनामा ६९ जनालाई भिसा प्रदान गरिएको दूतावासले जनाएको छ। यस्तै १०७ जनाको ट्राभल डकुमेन्ट बनाइएको छ भने १३१ जनाको कागजात प्रामाणिकरण गरिएको छ। साथै, ४०६ वटा व्यक्तिगत भिसा प्रमाणीकरण भएको छ । यस्तै संस्थागतरूपमा आएको ९२ वटा मागपत्र प्रमाणीकरण भएको छ भने १०८ वटा समूहगत भिसा प्रमाणीकरण भएको दूतावासले उल्लेख गरेको छ। नयाँ वर्षको पहिलो महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको १४ वटा शव व्यवस्थापन भएको उल्लेख गरिएको छ। यस्तै विभिन्न माध्यमबाट आएका ५१९ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरिएको छ । कामदारहरूलाई क्षतिपूर्ति र इन्स्योरेन्सबापत वैशाख महिनामा दुई लाख ४० हजार १२३ एइडी अर्थात् झण्डै ८६ लाख रूपैयाँ खर्च भएको दूतावासले विवरणमा समेटेको छ।




# पत्रकार पोखरेललाई धम्की

**काठमाडौं (प्रस)–** पत्रकार लेखनाथ पोखरेलमाथि समाचार लेखेको विषयमा एक समूहले ज्यान लिने धम्की दिएको छ । हिमालय टाइम्स दैनिकका अर्थब्युरो प्रमुख पोखरेललाई पूर्वपत्रकार तथा राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) दोलखाका सभापति राजनबहादुर सिवाकोटीका साथ आएका एक व्यक्तिले सोमबार साँझ धम्की दिएका हुन् ।

पत्रकार पोखरेलले आफूमाथि हिमालय टाइम्सको कार्यालयमै आएर उक्त समूहले यस्तो धम्की दिएको बताए । ती व्यक्तिले ‘जथाभावीरूपमा समाचार लेख्ने तपाईं नै होइन’ भन्दै धम्क्याएका थिए । सिन्धुज्वाला हाइड्रोपावर कम्पनीमा भएको आर्थिक घोटालामा दोलखा जिल्लाका राप्रपा अध्यक्ष सिवाकोटीसँगै राप्रपाकोसमेत नाम जोडेर समाचार लेखिएको भन्दै उनले धम्कीपूर्ण शैलीमा ‘जथाभावी समाचार लेख्ने ? समाचारको स्रोत को हो, मुद्दा हालौं कि के गरौं ?’ भन्दै धक्याएको पत्रकार पोखरेलले जानकारी दिए ।

## उदयपुर सिमेन्ट...

### पृष्ठ १ बाट जारी

षडयन्त्र छ ।’ ती कर्मचारीको भनाइ शाहले जारी गरेको विज्ञप्तिमासमेत समेटिएको छ ।

‘स्मरणीय के छ भने डेडिकेटेड फिडरको यस्तै रकम दशौं अर्ब निजीसँग उठाउन बाँकी छ । ती उद्योगहरू मुद्दामा छन् । तर, एउटा सरकारी संस्थाले अर्को सरकारी संस्थाविरुद्ध मुद्दा मामिला गर्न नैतिक रूपले बेठीक हुने विचार गरी हामी मुद्दा मामिलामा गएनौं र प्राधिकरणबाट पनि सोही किसिमको आश्वासन प्राप्त भएको थियो,’ शाहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

**उद्योग बचाऊ अभियानमा आन्दोलन सुरू**

उदयपुर सिमेन्टमा हाल करिब २९० कर्मचारी छन् । यहाँ कर्मचारी युनियनहरू पनि रहेका छन् । कर्मचारी युनियनहरूले पनि आ-आफ्नो तर्फबाट बत्ती नियमित गर्न पहल थाले पनि केही पार नलागेको बताइएको छ । यतिमात्र हैन, केही कर्मचारी भने उदयपुरको पहिचान र सरकारी उद्योग बचाऊ अभियानमासमेत लागेका छन् ।

उनीहरू सोमबारबाट दबाब अभियानमासमेत लागेका छन् । अभियानमा लागेकाहरूले महाप्रबन्धक घिमिरेमाथि भ्रष्टाचारको आरोपसमेत लगाएका छन् । महाप्रबन्धक न्यौपाने र सञ्चालक समिति कमिसनको खेलमा लागेको अभियानकर्ताहरूको आरोप छ । उदयपुर सिमेन्ट र निजी सिमेन्ट उद्योग दुवैमा काम गर्ने कर्मचारी समेत रहेका छन् । उनीहरूलाई हटाउन माग गर्दै अभियानकर्ताहरूले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । महाप्रबन्धक काठमाडौं बसेर उद्योग धराशायी बनाएको उनीहरूको आरोप छ ।

**मन्त्री र महाप्रबन्धकको आ-आफ्नै दाबी**

महाप्रबन्धक न्यौपानेले भने आफू उद्योग जोगाउनकै लागि काठमाडौंमा रहेको प्रभाव दैनिकलाई बताए । आफू भ्रष्टाचारमा संलग्न नरहेको दाबी गर्दै तुलामा जोखिन तयार रहेको प्रस्ट पारे । तपाईंलाई भ्रष्टाचारको आरोप पनि छ नि ? प्रभावको प्रश्नमा न्यौपानेको जवाफ थियो, ‘साथीहरूले नबुझेर गर्नुभएको होला । त्यो म भन्दा पहिलेकै कुरा हो । जिएमबाट हटाउन लागेकाहरूले त्यस्तो भनेका होलान्,’ न्यौपानेले भने । आफू बत्ती प्रवाह नियमित गर्नका लागि प्रयासरत रहेकोसमेत उनले दाबी गरे ।

‘सबैभन्दा ठूलो ग्राहक हौं हामी । हामीलाई यस्तो अवस्थामा काट्न नहुने हो । बत्तीको महसुल सरकारको एउटा खल्तीबाट अर्को खल्तीमा जाने हो,’ न्यौपानेले भने, ‘विद्युत् प्राधिकरणले त्यसरी पनि हेर्नुपर्छ जस्तो लाग्छ । मन्त्रीज्यू पनि लागिरहनुभएको छ । संसद्मा पनि कुरा उठेको छ ।’

उद्योगमन्त्री रिजालले पनि यस विषयमा आफूले ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतसँग कुराकानी गरिसकेको प्रभावसँग बताए । ‘दुईचोटि मन्त्रीजीलाई भनें । मन्त्रीजीले जोडाइदिन्छु भने पनि अहिलेसम्म जोडेको छैन । बिदामा गएपछि निमित्त पनि कोही छैन । चेक कसले काट्ने ? म लागिरहेको छु । क्याबिनेटमै पनि मन्त्रीज्यूसँग कुरा राखें,’ मन्त्री रिजालले भने ।

महाप्रबन्धक गायब हुँदा सबै समस्या निम्तिएको मन्त्री रिजालको आरोप छ । ‘बदमास रहेछ जिएम । मेरो स्वकीय सचिवले फोन गर्दा पटकपटक आउँछु । आज पनि आउँछु भोलि पनि आउँछु भनेको छ । तर आउँदै आउँदैन,’ उनले भने ।

यसबारेमा विद्युत् प्राधिकरण केन्द्रसँग कुरा भएपछि मात्र विवाद सल्टिने गाइघाटस्थित उदयपुर विद्युत् केन्द्रले जनाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भने बंगलादेशमा छन् । घिसिङ आज नेपाल फर्कने कार्यक्रम रहेको छ । यसपछि आफूले विस्तृत बुझेर निर्णय लिने प्रभावसँग बताए ।


## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०२/०३

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न बिशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बिगटेक सिस्टम प्रा.लि. (प्रा.लि. नं. १०८६०३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **एटकम टेक्नोलोजी प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०२/०३

यस कम्पनीको मिति २०७९/१२/१५ मा सम्पन्न एकल शेयरधनीको बिशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **साइनिङ्ग बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २५६८६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **रियल इनोभेटिभ कन्स्ट्रक्सन प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०३

यस कम्पनीको मिति २०८०/०२/०१ मा सम्पन्न बिशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **पुष्कराक्ष सोलुसन प्रा.लि. (प्रा.लि. नं. १८९५८१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **ट्रेड नेपाल मल्टिपर्पोज सोलुसन प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

## अनलाईन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०२/०३**

**nepalnewsline.com** नामक अनलाईन, ब्रोडकास्ट मिडिया नेटवर्क प्रा.लि. ले प्रकाशन र प्रशारित गर्दै आएकोमा कम्पनीको नाम परिवर्तन गरि संचालक तथा सम्पादक उहि रहि **हेडलाईन टुडे प्रा. लि.** को नाम बाट प्रकाशन/प्रशारित हुने व्यहोराको जानाकारी गराउँदछौं ।

*nepalnewsline.com*



## मलेशियामा रोजगार

**1. ASIA MANIA SDN. BHD.** पुनः विज्ञापन

पुर्व स्विकृति मिति: 2079.05.07 चलानी नं. ६०१८५९७६ LT No. 270140

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 01 | 1500 | 43874 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. ASPIRE KATARA HOSPITALITY, DOHA, QATAR** पुनः विज्ञापन

पुर्व स्विकृति मिति: २०७८।११।२७ चलानी नं. ६०१७५८१३ LT No. 259051

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef or Cook | 02 | 0 | काममा दक्ष | 2200 | 79468 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता: २०८० जेठ १० गते (24 May 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DANSONPACK SDN BHD**

पुर्व स्वीकृति मिति २०८०/०२/०२ LT No.286072 चलानी नं.६०२०१४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KALIFAH AL-BATEA ESTABLISHMENT FOR GENERAL CONTRACTING**

पुर्व स्वीकृति मिति २०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ LT. No 274491 चलानी नं. ६०१९०११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 17 | 0 | 1000 | ३५,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Labour | 14 | 0 | 1000 | ३५,१३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal

Tel : +977-1-4521448 E-mail : info@superbultimate.com

Webiste :www.superbultimate.com



## कुवेत/मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PAINT NAIL BAR BEAUTY SALON FOR LADIES CO.**

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ पून स्वीकृति मिति २०८०/२/२ LT. No. 263612 चलानी नं.६०१७९८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 8 | 150 | ६४२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MISS LOUNGE BEAUTY SALON**

पूर्व स्वीकृति मिति २०७९/०५/१० पून स्वीकृति मिति २०८०/२/२ LT. No. 270428 चलानी नं. ६०१८६१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ६४२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **THE KIND ONES RESTAURANT CO.**

पूर्व स्वीकृति मिति २०७९/१०/२६ पून स्वीकृति मिति २०८०/२/२ LT. No. 280768 चलानी नं. ६०१८६०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT / PREPARER | 10 | 0 | 130 | ५५,६९२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | COFFEE MAKER / WAITER | 5 | 5 | 150 | ६४२६० | | | | | | | |

कम्पनी : **EDIT BEAUTY SALOON COMPANY FOR LADIES**

पुर्व स्वीकृति मिति २०७९/१२/०८ पून स्वीकृति मिति २०८०/२/२ LT No :283067 चलानी नं. ६०१९८५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 120 | ५१,४०८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser/manicure/pedicure/beautician | 0 | 9 | 150 | ६४२६० | | | | | | | |

कम्पनी : **GOLDEN HORSE SERVICES**

पुर्व स्वीकृति मिति २०७९/१०/१२ पून स्वीकृति मिति २०८०/२/२ LT No :279642 चलानी नं. ६०१९५६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 50 | 0 | 1500 | ४५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LUSAIL INTERNATIONAL**

पूर्व स्वीकृति मिति २०७९/१०/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ LT. No. : 280620 चलानी नं. ६०१९६१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५०,९९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician General | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 4 | Plaster Worker | 5 | 0 | 1100 | ४०,०६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **UNITED SUPPORT SERVICES CONTRACTING CO**

पूर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No. 286099 चलानी नं. ६०२०१५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHOLE VEHICLE DRIVER | 2 | 0 | 1800 | ६३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763

Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAMLAT AL BATIN GENERAL CLEANING & MAINTENANCE**

पूर्व स्वीकृति मिति : २०७९/०३/०१ LT. No. 285987 चलानी नं. ६०२०१४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 800 | २८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762

Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com

Contact: 9851112074,9841935884,9841541592, 9808658844, 9842716845, 981533303


*“गढीमाई नगरपालिकाको विकास, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार”*

**स्थानीय सरकार**

**गढीमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

समनपुर, रौतहट

मधेश प्रदेश, नेपाल

## गढीमाई नगरपालिकाको जनहितमा जारी सन्देश

यस वर्ष हावाहुरीको मौसम शुरु हुन लागिसकेको छ। हावाहुरीको मौसममा आगलागीको सम्भावना बढी हुने र त्यसबाट जनधनको क्षति लगायत विपद्का अन्य घटनाहरू हुन सक्ने भएकोले आगलागी जस्तो विपद्का घटनाहरु हुन नदिनका लागि सचेतना अपनाउन हुन गढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समनपुर हार्दिक अनुरोध गर्दछ ।

- वन जंगलमा जथाभावी डढेलो लगाउने कार्य नगरी ।
- सलाई, लाइटर, मट्टितेल, पेट्रोल डिजेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित ढङ्गले राखौं ।
- ग्यास चुल्हो र ग्यास चुल्होको पाइप तथा रेगुलेटरलाई नियमित रूपले जाँच गरौ र सुरक्षित राखौं ।
- होटल, कारखाना, मिनीमार्केट, ग्यास पसलहरुमा आकस्मिक सुरक्षाका लागि फायर स्टिङ्ग्युसर राखौं ।
- खाना पकाइ सकेपछि ग्यास सिलिण्डरको रेगुलेटर अनिवार्य रूपले बन्द गरौं ।
- सार्वजनिक स्थलमा जथाभावी धुम्रपान नगरी, चुरोट बिडीका ठुटाहरू निभाएर मात्र डस्बिनमा हालौं ।
- आफ्नो घरको विद्युत वायरिङमा कहीकतै नाङ्गो तार देखिए तुरुन्त मर्मत सुधार गराऔं ।
- पेट्रोल, डिजेल जस्ता अति प्रज्वलनशील पदार्थहरू जथाभावी खुला रूपले बेचबिखन नगरौ र असुरक्षित ढङ्गले नराखौं ।
- फोहरमैलालाई जलाउने कार्य नगरौं ।
- कहीकतै आगलागीको घटना भएमा ०५६-५८२५५५ नम्बरमा दमकल र १०० नम्बरमा प्रहरीलाई सूचना गरौं ।

**प्रमुख प्रशासकीय अधिकृत**

नक्कली भुटानी शरणार्थी प्रकरण

# ‘दबाब आए पनि सरकार झुक्दैन’



**काठमाडौं (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले समृद्धि यात्राको मुख्य बाधकका रूपमा रहेको भ्रष्टाचार र कुशासनलाई अन्त्य गर्न सरकार दृढताका साथ अघि बढेको बताएका छन् । राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा नक्कली भुटानी शरणार्थी प्रकरणका सन्दर्भमा भइरहेको अनुसन्धानबारे समितिका सदस्यले राखेको जिज्ञासमा उनले सो घटनामा संलग्न दोषीलाई कारबाही गर्न सरकार दृढ रहेको उल्लेख गरे ।

‘अनुसन्धानमा कुनै पक्षपात हुने छैन, सरकारजस्तो सुकै दबाब आए पनि झुक्दैन । अनुसन्धानले जहाँसम्म आवश्यकता ठान्छ त्यहाँसम्म दृढतापूर्वक पुग्छ । सरकार दोषीलाई कारबाही गर्न दृढ छ,’ उपप्रधानमन्त्री श्रेष्ठले भने ।

नक्कली भुटानी शरणार्थी बनाउने घटनाको अनुसन्धानका लागि प्रहरी अहोरात्र खटिरहेको जानकारी दिँदै उनले अनुसन्धानका क्रममा प्रहरीलाई सुरुआतदेखि नै कुनै राजनीतिक दबाब वा अवाञ्छनीय प्रभावबाट मुक्त रहन कडा निर्देशन दिएको बताए । उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘कोही निर्दोष फस्ने काम नहोस् भनेर प्रारम्भदेखि नै सचेत हुन, कसैको सार्वजनिक छविमाथि अनावश्यक आशंका र क्षति पुग्न नपाओस् भनेर होसियार भएर प्रहरीले निष्ठापूर्वक र निष्पक्ष ढंगले अनुसन्धान अघि बढाएको छ ।’

अनुसन्धानका क्रममा प्रमाण र तथ्य देखापरेका आधारमा विभिन्न व्यक्तिलाई नियन्त्रणमा लिने र अनुसन्धानको प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाउँदै उनले अनुसन्धानले पुष्टि गरेका आधारमा कानुनको दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेका कतिपय स्थानीय तहमा यथाशीघ्र रूपमा पठाउन गृहकार्य भइरहेको जानकारी दिए । उनले भने, ‘मन्त्रालयबाट सरुवा भएर गएका अधिकृतलाई कतिपय स्थानीय तहले राजनीतिक आस्थाका कारण हाजिर नगराएर फर्काएका कारण पनि समस्यालाई समयमै सम्बोधन गर्न नसकिएको हो, जहाँ त्यस्तो समस्या छैन, त्यहाँ अधिकृत गएर काम गरिरहेकै छन् ।’

समितिका सदस्य गगनकुमार थापाले बैठकमा छलफल गर्ने विषय र समय पहिले नै निर्धारण गर्न तथा विधेयकलाई प्राथमिकताका साथ अघि बढाउने सन्दर्भमा आवश्यक परामर्श गर्न सानो टोली बनाएर काम गर्ने वातावरण बनाउन सुझाव प्रस्तुत गरे । अर्का सदस्य हितराज पाण्डेले हाम्रो काम कारबाही र छलफलबाट जनताले के लाभ प्राप्त गरे र कस्तो परिणाम निस्कियो भन्ने पाटोबाट बहस हुनुपर्ने बताए ।

समिति सदस्य रवि लामिछानेले यसअघिका समितिले भ्रष्टाचारका विषयमा गरेको अध्ययन र निर्देशनलाई ग्रहण गर्न सुझाव दिँदै समितिका निर्देशन सरकारले पालना अनिवार्य गर्नैपर्ने परिपाटी विकास गर्ने बाटोबाट अघि बढ्न आवश्यक रहेको बताए । अर्का सदस्य रघुजी पन्तले समितिका कामकारबाहीलाई जति प्रभावकारी तुल्याउन सक्यो संसद् उत्तिनै क्रियाशील हुने भएकाले समितिले कार्ययोजना बनाएर काम गर्न सक्नुपर्ने बताए ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०२/०३

यस कम्पनीको मिति २०७९/०८/१३ मा सम्पन्न बिशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **लासो क्याफे एण्ड फ्यामिली रेस्टुरेन्ट प्रा.लि. (प्रा.लि. नं. ३००३३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फ्लेवर फिस्ट रेस्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन, शेयर लगत अभिले, रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन, उद्देश्य सहितको प्रबन्धपत्र र नियमावलीमा भएको संसोधन अभिलेख सम्बन्धको सूचना

**दोस्रोटक प्रकाशित मिति : २०८०/०२/०३**

यस कम्पनीको मिति २०८०/०१/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **सुगोई निहोनगो प्रा.लि. ( का.म.पा. ३२, काठमाडौं)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ओजीस्वी मानस्वी कृषि फर्मा प्रा.लि. (सुर्यविनायक न.पा. ४ भक्तपुर** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१२/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ओजीस्वी मानस्वी कृषि फर्मा प्रा.लि.(प्रा.लि.नं.३०६०११)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**

**दावी विरोध सम्बन्धी**

## वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री हिमालयन भ्याली ह्युमन रिसोर्स कन्सल्टेन्सी प्रा.लि.**(ई.प.नं.१००७) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०७९/१२/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TES AMM (MALAYSIA) SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ | LT. No. 278580 | चलानी नं. ६०१९४९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 1 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHAALI TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०२/०२ | LT. No. 286029 | चलानी नं. ६०२०१४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanical Vehicles Technician | 1 | 0 | 1800 | ६३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELIVERY COM ON THE TIME

पुर्व स्वीकृति मिति २०८०/०२/०२ | LT. No.286095 | चलानी नं. ६०२०१५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAHAR AL-AYOUN LADIES BEAUTY SALON | 0 | 24 | 150 | ६४२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal

Tel.+977-01-4720350, 4720849, 5908112

E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

श्रम ईजाजत न .७९७/०६५/०६६

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED INTERNATIONAL GROUP (MANPOWER RECRUITMENT DIVISION)

पूर्व स्वीकृति मिति:२०७८/०६/८५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ | LT. No. 248428 | चलानी नं. ६०१६५२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 25 | 0 | 1200 | ४३,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 18 | 0 | 900 | ३२,२९५ | | | | | | | |
| 3 | Carpenter Assistant | 25 | 0 | 1200 | ४३,०६० | | | | | | | |
| 4 | Reinforcing Fitter Assistant | 25 | 0 | 1200 | ४३,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ११-१४ गते (25-29th May. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036

Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAFE 4 SEKAWAN SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ | LT. No.284841 | चलानी नं. ६०२०१५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 16 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : REMAS INTERNATIONAL TRANSPORT EST

पूर्व स्वीकृति मिति: २०७९/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ | LT. No.277907 | चलानी नं. ६०१९३४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६३१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

Govt. License 1342/074/75


## Baijanath Rural Municipality

**Office of Municipal Executive**

**Rampur-05,Banke**

**Lumbini Province, Nepal**

# INVITATION FOR BIDS

**Second Date of publication: 2080/02/03(17th May, 2023)**

1. Baijanath Rural Municipality invites sealed Hardcopy bids from eligible bidders for the execution of below Mentioned works under National Competitive Bidding procedure
2. Bidders should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) Khata account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK , Kohalpur, Branch
   Name of Office: Baijanath Rural Municipality Office
   Office Account No: 059CA59498380006 Rajaswa (revenue) khata
3. Complete set of bidding Documents can be Purcharge from Baijanath Gauplika Office and HardCopy Documents must be Purcharge at 5:00 pm on 2028/02/17 .Hardcopy bids must be submitted On or before 12:00 pm on 2080/02/18 (1st,June, 2023)
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on 2080/02/18 (1st,June, 2023)at the office of Baijanath Rural Municipality, Rampur-05, Banke, Nepal
5. Bids must be valid for a period of 45 days after the deadline for bid submission date and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum as mentioned in table below which shall be valid for 30 days beyond the validity period of the bid.
6. Pre-bid meeting shall be held atBaijanath Rural Municipality, Rampur-05, Banke, Nepal 14:00 hrs on 2080/02/12
7. If the bidder wishes to submit bid security in the form of cash, the bidder has to deposit cash in the following account.
   Name of the Bank:NIC ASIA BANK , Kohalpur, Branch
   Name of Office:Baijanath Rural Municipality Office
   Office Account No: 5941498380524002 (Dharautikhata)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Baijanath Rural Municipality Office, reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-06.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project Excluding Vat NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/SQ/ GOODS/03/ 2079/080 | Purchages of Cattle Feed Grinding Machine Combined with Rice Milling Machine) | 1410000/- | 36000/- | 1000.00/- | |

**Chief Administrative officer**

**Baijanath Rural Municipality, Rampur, Banke**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## जोखिम न्यूनीकरण कार्य प्रभावकारी बनाऊ

पछिल्लो समय प्राकृतिक विपत्तिका घटनाहरू लगातार बढिरहेका छन् । देशभर नै डढेलोले वन क्षेत्रमा निकै ठूलो क्षति पुऱ्याएको छ । अझै पनि डढेलो जाने क्रम रोकिएको छैन । यस्तै आगलागीका कारण जनधनको क्षति हुने क्रम पनि रोकिएको छैन । हावाहुरी चल्ने मौसम बल्ल सुरु भएकोले अझ आगलागीका घटनाहरू बढ्नसक्ने भएकोले सतर्कता अपनाउन जरुरी छ ।

यस्तै विपत्तिहरूमध्ये चटचाङले पनि ठूलो क्षति पुऱ्याइरहेको छ । चटचाङका कारण बर्सेनि धेरै मानिसले ज्यान गुमाउनुपर्छ । अन्य क्षति पनि त्यत्तिकै हुँदै आएको छ । पछिल्लो एक महिनाको तथ्यांक हेर्दा मात्रै पनि देशका विभिन्न स्थानमा चटचाङका थुप्रै घटना घटेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका अनुसार गएको एक महिनाको अवधिमा चटचाङ लागेर पाँच जनाको मृत्यु भएको छ भने ४३ घाइते भएका छन् । प्राधिकरणका अनुसार गत वैशाख १ देखि जेठ १ सम्ममा चटचाङका ४४ वटा घटना भएका छन् । प्राधिकरणका अनुसार सोमबार राति चटचाङ लागेर दैलेखमा एकै घरका चारजना घाइते भएका छन् । डुङेश्वर गाउँपालिका–२ लाँकुरीका २१ वर्षीय पारस विक, १६ वर्षीया हेमा विक, १७ वर्षीया पूर्णा विक र २० वर्षीया पुष्पा विकलाई सुतिरहेकै बेला चटचाङ लागेको हो ।

देशका पहाडी जिल्लामा हुरीबतास र मेघगर्जनसहित चटचाङ पर्ने क्रम जारी रहेकाले सावधानी अपनाउन मौसमविद् गोविन्द झा आग्रह गर्छन् । प्री–मनसुनमा चटचाङ पर्ने धेरै सम्भावना रहेको उनको भनाइ छ । चटचाङ पर्दा शरीरमा त्यसको विद्युत् प्रवाह भएर घाइते हुने तथा ज्यान नै जाने खतरा हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए । चटचाङ पर्ने समयमा खेतबारीको काममा नजान र गडचाङगुडुङको आवाज सुनेपछि घरभित्र वा सुरक्षित ठाउँमा बस्न उनको सुझाव छ । अझै तीन–चार महिना चटचाङ पर्ने सम्भावना उच्च हुने भएकाले सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ ।

हावाहुरी, चटचाङ, आगलागीसँगै अब वर्षात्को मौसम पनि सुरु हुँदै छ । वर्षा लागेपछि बाढीपहिरोको जोखिम उच्च हुने गर्दछ । त्यसैले हरेक विपत्तिबाट जोगिने र जोगाउने पूर्वतयारी गर्न जरुरी छ । सरकारले विपद्को जोखिम न्यूनीकरणकै लागि छुट्टै प्राधिकरण गठन गरी कार्याधिकार दिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले यसका लागि काम गरिरहेको छ । तर, प्राधिकरणका कार्यहरू अझै पर्याप्त हुन सकिरहेको छैन । प्राकृतिक विपत्तिलाई कसैले रोक्न सक्दैनन्, तर ती विपद्को जोखिम कम गर्न सकिन्छ । त्यसका लागि थप प्रभावकारी रूपमा प्राधिकरणले काम गर्न जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

# होसियार ! खोसिँदै छ अधिकार



▶▶ भीमज्वाला राई

भखर्रै अर्थात् मे १ का दिन संसारभरका श्रमिकले१३४औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाएका छन् । एक सय ३४ वर्षअघि श्रमिकको विद्रोह, बलिदानी र न्यायको विरासत बोकेको श्रमिक दिवसको इतिहासको स्मृतिमा त्यो दिनलाई सम्झिरहँदा नेपाली श्रमिकले भने क्रमशः आफ्ना अधिकारहरू गुमाउँदै गइरहेका छन् । नेपालको श्रमबजारमा ठूलोमध्येको श्रम क्षेत्र यातायात क्षेत्र हो । यातायात क्षेत्रमा प्रत्यक्षरूपमा ११ लाख श्रमिक रोजगारीमा जोडिएका छन् ।

वि.सं. १९७३ देखि मान्छेले बोकेर काठमाडौं प्रवेश गराएको इतिहासलाई हेर्ने हो भने नेपालमा यातायातका साधनको प्रवेश भएको १०७ वर्ष पूरा भइसकेको छ । तर, यातायात क्षेत्रले नेपालमा अझै उद्योगका रूपमा आफूलाई विकास गर्न सकिरहेको छैन । करिब १० खर्ब लगानी रहेको यस क्षेत्रको लगानी क्रमशः पलायन भइरहेको छ । श्रमिक कानुनी संरक्षणभन्दा बाहिर छन् । रोजगारीको ग्यारेन्टी छैन, सामाजिक सुरक्षा योजनामा समेटिएका छैनन् । श्रमिकहरू आधारभूत अधिकारबाट वञ्चित छन् । भएको कानुनी अधिकारबाट श्रमिक क्रमशः वञ्चित हुँदै गइरहेका छन् ।

> भविष्यप्रतिको सुरक्षाका लागि महत्वपूर्ण योजना समेटिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना यातायात क्षेत्रमा अझै कार्यान्वयनमा आएको छैन । वि.सं. २०८० वैशाखदेखि अनौपचारिक श्रम क्षेत्रमा समेत कार्यान्वयन गर्ने भनेको सामाजिक सुरक्षा कोषबारे सरकारले कुनै चासो देखाएको छैन । विभिन्नखालका जोखिमका बीच काम गरिरहेका श्रमिकको जीवनको रक्षा र भविष्यप्रतिको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषको दायरामा श्रमिकलाई समेट्नु अपरिहार्य छ ।

### कानुन अभाव र कानुनमा भएका व्यवस्थाको उपहास

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ पर्याप्त होइन । तर, त्यसमा भएका कतिपय व्यवस्थाहरू श्रमिकहरूलाई पीडा दिनेगरी त्यसलाई प्रयोग गरिएको छ । ऐनको दफा १६१ को उपदफा (१) (२) र (३) को सन्दर्भमा मूलतः हरेक सडक दुर्घटनालाई उपदफा (२)को लापरवाहीसँग जोड्ने र श्रमिकलाई जेल जान बाध्य पार्ने गरी यस कानुनको दुरूपयोग भइरहेको छ । यसका कारण कतिपय निर्दोष श्रमिकहरू जेलजीवन बिताउन बाध्य छन् ।

त्यस्तै ऐनको दफा १६४ मा ट्राफिक नियम उल्लंघन गरेमा पहिलो पटकलाई ५०० रूपैयाँ, दोस्रोपटक गर्नेलाई एक हजार र तेस्रोपटक वा सोभन्दा बढी उल्लंघन गर्नेलाई एक हजार ५०० रूपैयाँ भन्ने उल्लेख छ । तर, ऐनको उक्त दफाविपरीत काठमाडौं उपत्यकालगायतका ट्राफिक प्रहरी कार्यालयले सुरुकै अवस्थामा एक हजार ५०० रूपैयाँ जरिवाना गर्ने गरेको पाइन्छ । यसरी कानुन कार्यान्वयन गराउने निकायबाटै कानुन मिचिरहेको छ । कानुनले न्यूनतम जरिवाना ५०० तर ट्राफिक प्रहरीले न्यूनतम जरिवाना नै एक हजार ५०० रूपैयाँ मानेर जरिवाना गरेपछि गएको पुस, माघ र फागुनमा यातायात श्रमिकले आन्दोलन नै गर्नुपरेको थियो । यसरी श्रमिकहरूको कानुनी अधिकारसमेत क्रमशः खोसिँदै गइरहेका छन् ।

त्यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ६० ले चालकले पूरा गर्नुपर्ने सर्तहरू पाँचपटकभन्दा बढी उल्लंघन गरेमा छ महिनासम्म लाइसेन्स निलम्बन गर्ने गरी सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम २३ (क) ले सर्तहरू स्पष्ट उल्लेख गरेको छ । तर, सबै प्रकारका सामान्य कसूरमा पनि ट्राफिक प्रहरीले चालकहरूको लाइसेन्स निलम्बन गर्ने गरेर श्रमिकका अधिकारहरूमाथि क्रमशः धावा बोल्ने काम गरिरहेको छ । यसरी उपत्यकामामात्रै करिब एक हजार श्रमिकको लाइसेन्स निलम्बन भएको छ । श्रमिकहरूको आन्दोलनको बलमा लाइसेन्स फिर्ता भए पनि राज्यले त्यसबापत थप कर असुलेको छ ।

### सुरक्षित भविष्यको निश्चितता

वि.सं. २०७४ मा ऐन बनेर २०७५ मंसिर ११ गतेदेखि कार्यान्वयनमा आएको श्रमिकको जीवनचक्रमा आइपर्ने संकटहरूको समाधान र भविष्यप्रतिको सुरक्षाका लागि महत्त्वपूर्ण योजना समेटिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना यातायात क्षेत्रमा अझै कार्यान्वयनमा आएको छैन । वि.सं. २०८० वैशाखदेखि अनौपचारिक श्रम क्षेत्रमा समेत कार्यान्वयन गर्ने भनेको सामाजिक सुरक्षा कोषबारे सरकारले कुनै चासो देखाएको छैन । विभिन्नखालका जोखिमका बीच काम गरिरहेका श्रमिकको जीवनको रक्षा र भविष्यप्रतिको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषको दायरामा श्रमिकलाई समेट्नु अपरिहार्य छ ।

### बेरोजगार थप्दै सरकारः

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०७१ कात्तिक १ गतेदेखि कार्यान्वयन हुनेगरी यात्रुवाहक सार्वजनिक सवारीसाधनलाई मात्रै लागू हुनेगरी सवारीसाधनको आयु तोकेर २० वर्ष पुगेका सवारीसाधनलाई हटाउने निर्णय गरेको थियो सो निर्णयपछि हालसम्म करिब आठ हजार सवारीसाधन विस्थापित हुँदा करिब १० अर्ब पुँजी डुबिसकेको छ । यसका कारण स्वरोजगारहरू वेरोजगार भएका छन्, कैयौंको उठिबास भएको छ ।

निर्णय कार्यान्वयनमा आयो, लगानी डुब्यो, बेराजगारी बढे तर सरकारले यो निर्णय गर्नुको वैज्ञानिक कारण अहिलेसम्म बताउन सकेको छैन । तर, यसको मूल कारण बहुराष्ट्रिय कम्पनीको आफ्ना उत्पादन बेच्न बजार खाली गर्ने रणनीति प्रमुख कारण हो । यसले श्रमिक र स्वरोजगारलाई मात्रै बेरोजगार बनाएको होइन । यसले क्रमशः नेपाली अर्थतन्त्रलाई कमजोर बनाउँदै गइरहेको छ । त्यति मात्र होइन, राष्ट्रिय पुँजी पलायन हुने जोखिम पनि उत्तिकै बढेको छ । यस्ता अव्यावहारिक निर्णय तत्काल सच्याउँदै यान्त्रिक परीक्षणका आधारमा उपयुक्त सवारीसाधन चल्न दिने नीति निर्माण गर्न धेरै वटा सरकारसँग अपिल गर्दासमेत यसका विषयमा चासो लिने काम भएको छैन ।

### सुधारका प्रस्तावहरूः

**क) राष्ट्रिय यातायात प्राधिकरण निर्माण**

सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन, सञ्चालन, परिचालन र यात्रुको गुणस्तरीय, भरपर्दो र सुरक्षित सेवाका लागि हाल रहेको सरकारी संरचना यातायात व्यवस्था विभाग, यातायात कार्यालय खारेज गरी यातायात मन्त्रालयसमेत छुट्टै निर्माण गर्दै श्रमिकको र सरोकारवालाको प्रतिनिधित्व रहनेगरी अधिकार सम्पन्न 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्नुपर्दछ । यसकै माध्यमबाट सडकमा उत्पन्न संकटलाई तत्काल समाधान गर्दै ऐन, नियमावली संशोधनलगायतका दीर्घकालीन समस्या समाधानका लागि ट्रेड युनियनको प्रतिनिधित्व हुनेगरी 'यातायात क्षेत्र सुधारका लागि आयोग' गठन र यातायात क्षेत्रलाई मर्यादित बनाउन, श्रमिक र व्यवसायीलाई अनुशासित बनाउन, यात्रु तथा पैदल यात्रुलाई जिम्मेवार बनाउन सडक सुरक्षा काउन्सिल निर्माण गर्नुपर्दछ । जनताले भरपर्दो र सुलभ सेवा पाउने व्यवस्था गरिनुपर्दछ ।

**ख) ऐन र नियमावली संशोधन**

सवारी तथा यातायात व्यवस्था ऐनमा रहेका कतिपय अस्पष्टता वा बदलिँदो परिस्थितिअनुसार परिमार्जन गर्नुपर्ने देखिन्छ । खासगरी यस ऐनमा निम्न संशोधन गर्न आवश्यक छः

(क) सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को (२), दफा १६२, १६३, १६४ लगायत दफाहरूलाई संशोधन गरिनु पर्दछ ।

(ख) सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को परिच्छेद ४ को दफा २० (६) लाई संशोधन गरी ठूलो सवारीसाधनका लागि साना सवारीको लाइसेन्स लिएको दुई वर्ष भएको हुनुपर्ने प्रावधान हटाउँदै ठूला सवारी चालक अनुमतिपत्र पाउने सीधै व्यवस्था गरिनु पर्दछ ।

(ग) चालकको योग्यताको सन्दर्भमा ऐनले प्रष्ट व्यवस्था गरेकाले उमेरको हदबन्दी लगाएर लाइसेन्स नवीकरण बन्देज लगाउने कार्य हटाउनु पर्दछ ।

(घ) सिटिइभिटीबाट सीप परीक्षण गरी मापदण्ड तोकेर प्रत्येका जिल्लामा व्यवस्थित ड्राइभिङ स्कुलको व्यवस्था गरिनु पर्दछ ।

(ङ) दुई जिल्लाका लागिमात्रै पटके बाटो इजाजतपत्र दिने नीति र उपयुक्त स्थानमा यातायात कार्यालय नहुँदा समस्या छ । पायकको स्थानमा कार्यालय व्यवस्था गरी बाटो इजाजतपत्र दिने व्यवस्था गर्नु पर्दछ । अन्यथा प्रदेशभरि पटके बाटो इजाजतपत्र दिने व्यवस्था गरी सवारी सञ्चालन गनु पर्दछ ।

(च) सवारीसाधन दुर्घटनामा घाइतेको उपचार खर्च तीन लाख रूपैयाँको हदमा नबढ्ने गरी भुक्तानी दिने 'मोटर बीमा दरसम्बन्धी निर्देशिका २०७३' को व्यवस्थालाई संशोधन गर्दै उपचार खर्चलाई असीमित बनाउनु पर्दछ ।

### अबको बाटो

हामी कमजोर भएकाले हाम्रा अधिकार क्रमशः खोसिएका हुन् । खोसिएका अधिकार ग्रहण गर्ने हो भने मागेर पाइँदैन त्यसका लागि सबै श्रमिक संगठित हुनुपर्दछ । अधिकार र आफ्नो दायित्वका बारेमा प्रशिक्षित हुनु पर्दछ र कसैको बहकावमा भन्दा पनि संगठनात्मक अनुशासनको दायरामा रहेर परिचालित हुँदै हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु पर्दछ । *रासस*

***(लेखक नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष र जिफन्ट राष्ट्रिय कमिटीका सदस्य हुन्)***

## पत्र–मञ्जुषा

# नेतृत्वले मोती चिन्ने काम गराउँछ

न्याय नपाए गोरखा जानू भन्छन् मान्छे । त्यसो भनेझैं गृहमन्त्री नारायणकाजी श्रेष्ठका लागि अहिलेको अवस्था अति नै शुभ छ । यस शुभ घडीको मूल्यांकन पनि राम्रो र गुनिलो श्रद्धायोग्य छ । यसलाई सुवर्ण मौका हो भनेर काम गर्नुपर्छ । सारा जनताको चाहना पनि यही नै हो । यसैबाट सुन्दर नेपाल बन्छ । यो समयको माग पनि हो । समय वलवान पनि हो । एक्काइसौं शताब्दीको शौभाग्य योगको घडी हो यो समय ।

गृहमन्त्रीज्यू, तपाईंको भूमिका महत्त्वपूर्ण छ । यो देशलाई माया ममता स्नेह कति बहुमूल्य छ तपाईं बुझ्नुहुन्छ । तपाईंको मनको भावना जनजनको आँखा-आँखामा छ । विधिको शासन नेपालको कानुन छुट्टै पाटो हो । जनताको पीडा घाउ र वास्ता पनि गरेनन् कसैले । अब नारायणकाजी श्रेष्ठ गृहमन्त्री भनेको नेपालको गृह साराको हो । तपाईंले अहिलेसम्म देशका लागि त्याग र तपस्या गरेको पाइयो । हाम्रो नारायणकाजी भनेको माओवादीको मात्र होइन, जसले राम्रो काम कर्तव्य बुझिन्छ त्यो नेपालको आँखा समान हुन्छ । नारायणकाजी श्रेष्ठले नेपाल नै श्रेष्ठ बनाउँछ । जंगबहादुर राणालाई त्यसै भनेको होइन । कयौं त्याग तपस्याले जंगबहादुर राणा भनेको हो । स्वार्थी समाज पुँजीवादी वर्गलाई मन परेन । यो ध्रुवसत्य हो र विधिको शासन भन्दै खाली हुनेखानेकै पेवाजस्तै बिर्ताजस्तै आफ्नै परिवारको हाता नाताले मात्रै राज चलाउने नियत भयो भने राम्रो हुँदैन ।

जघन्य अपराध गर्नेको कहिलेसम्म चल्ने हो राज यहाँ ? देश कंगाल बनाउने नेपालीलाई भुटानी शरणार्थी बनाउने कहाँको नियम हो ? कुन राष्ट्रको नियम हो । सारा महिनामा प्रत्येक महिनामा हुने महिनावारी एक शुभ संकेत हो । त्यही महिनावारीबाट स्वास्थ्य सफा हुन्छ । सुन्दर सुयोग्य बच्चा पैदा हुन्छ । त्यही बच्चाको सुन्दर मुहारबाट सबै परिवार शितलताको मुहार हाँसोको पात्र बन्छ ।

शासकवर्गले पनि यथाशीघ्र कानुन बनाउनु आजको आवश्यकता हो । नत्र दूधको साक्षी बिरालो भन्न नपर्ला । देशको छवि विगार्नेलाई कालोमासो दलेर देशद्रोहीको मुद्दा चलाउने देशैबाट निकाल्नुपर्छ । वीर गणेशमान सिंहको विचार र सिद्धान्तलाई बन्धकमा राख्ने जो कोही पनि कांग्रेस पार्टीको नेतागण जनता पनि हुनै सक्दैन ।

'आजको उधारो, भोलि नगद' गर्ने अपराधीले खोलानाला अल्पज्ञानी अन्धविश्वासले विदेशको सामु शिरझुक्ने काम गर्नेलाई श्रीलंकामा जस्तै घरघरमा खानतलासी गर्ने अब धेरै दिन कुनै पर्दैन । देश विगार्ने महिलालाई पनि बाँकी नराखे हुन्छ ।

*- तुल्सीनारायण लाखेमरु, सूर्यविनायक*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## नदी तर्न शुल्क तिर्ने लालझाडीवासी भन्छन्–

# पक्की पुल कहिले ?

**बेदकोट–** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ देखतभुलीकी प्रेमा रानालाई दिनहुँ दोदा नदी तर्नुपर्छ । उनी लालझाडी गाउँपालिका-२ स्थित सिद्धबैजनाथ माध्यमिक विद्यालयको शिक्षण गर्छिन् ।

विद्यालय आउजाउका लागि दोदा नदी पार गर्न काठेपुलको सहारा लिन्छिन् प्रेमा । साइकलमा ओहोरदोहोर गर्ने उनको दोदा नदीमाथिको जीर्ण काठेपुल प्रयोग गरेबापत शुल्क तिर्नुपर्ने बाध्यता छ । 'वर्षौंदेखि नदी तर्न काठेपुलकै प्रयोग गर्दै आएका छौं, यो पुल पनि अब जीर्ण बन्दै गएको छ,' उनले भनिन्, 'प्रत्येक दिन ओहोरदोहोर गर्ने हुनाले महिनाभरको शुल्क एकमुष्ट तिरेकी छु ।'

लालझाडी गाउँपालिका-४ सिखलपट्टीका कमल साउदको पनि दैनिकी यस्तै छ । दैनिक काठेपुल भएर साइकलमा आउजाउ गर्ने उन शुल्क तिर्ने गर्छन् । दोदा नदीमा पक्की पुल नहुँदा वर्षौंदेखि यहाँका स्थानीय शुल्क तिरेर काठेपुल भएर यात्रा गर्ने गरेको उनले बताए । 'पक्की पुल निर्माण सुरु भएको वर्षौं भइसक्यो, काम सकिएको छैन,' उनले भने, 'पक्की पुल नहुँदा काठेपुलमा पैसा तिरेर नदी वारपार गर्ने गरेका छौं ।'

स्थानीय काठेपुल प्रयोग गरेबापत साइकलको १० रूपैयाँ र मोटरसाइकलको ३० रूपैयाँ शुल्क तिर्ने गरेका छन् । लालझाडी गाउँपालिका-४ की वृद्धा सरस्वती रानाको परिवारले व्यक्तिगत लगानीमा दोदा नदीमा काठेपुल बनाएकी थिइन् ।

दिनभर काठेपुल कुर्ने उनी नदी ओहोरदोहोर गर्नेबाट शुल्क संकलन गरेर जीविकोपार्जन गर्दै आएकी छन् । 'दिनमा २०० भन्दा बढी मानिस काठेपुल भएर नदी वारपार गर्छन्,' उनले भनिन्, 'यहीँबाट आएको पैसाले घर खर्च चलेको छ ।'

सालको काठबाट फलेक जोडेरले अस्थायी पुल बनाइएको छ । उक्त पुलको टेको मक्किएका छन् । वर्षौंदेखि आफ्नै गाउँ आउजाउ गर्न जीर्ण काठेपुल चढ्न बाध्य छन्, लालझाडीका स्थानीय । 'वर्षौं भइसक्दा पनि शुल्क तिरेर काठेपुलबाट नदी वारपार गर्ने बाध्यता हटेन, पक्की पुल भएर आउजाउ पर्ने सपना नै छ,' स्थानीय सेमलाल रानाले भने, 'काठेपुल विस्थापित भएर पक्की पुलमा आउजाउ गर्ने हाम्रो सपना कहिले पूरा होला ?'

बर्खामा बाढी आउने हुनाले जिल्लाको दुर्गम क्षेत्रअन्तर्गत पर्ने लालझाडीसँगको सम्पर्कविच्छेद हुन्छ । मंसिरदेखि जेठसम्म मात्रै काठेपुलको सहायताले नदी वारपार गर्न सकिन्छ । बर्खामा उर्लिएर आउने दोदा नदीले यहाँका स्थानीयलाई दुःख दिने गरेको छ । 'बर्खायाममा बाढी आएपछि यो बाटो भएर आउजाउ गर्न सकिँदैन,' रानाले भने, 'सात महिनामात्रै काठेपुल भएर नदी वारपार गर्ने गरिन्छ ।' *रासस*

## महाप्रबन्धक बदमास...

पृष्ठ १ बाट जारी

मान्छे गायब छ ।

**सरकारी उद्योग धराशायी बन्दै रहेछ यसरी, अब के गर्नुहुन्छ ?**

बोर्डलाई भन्या छु । राष्ट्रको सार्वजनिक सम्पत्तिलाई हानि नपुऱ्याउनु भनेर भनेको छु । अब उनीहरू पनि अन्योलमा छन् । मैले सहसचिवलाई जिम्मा लगाएको छु यसबारे बुझ्न । यो जोगाउन लागिपरेको छु । केही नलागे प्रधानमन्त्रीज्यूसँगै भेट्छु ।

## तुलामा जोखिन...

पृष्ठ १ बाट जारी

**मन्त्री पुग्नेबित्तिकै बत्ती काटिनुको कारण के होला ?**

यो चाहिँ खोज पत्रकारितालाई छोड्दिउँ कि ? केही कतै न कतै उद्योग बन्द गराउँदा केही हुन्छ कि भनेर लागेका हुन् कि ?

**निजी क्षेत्रका कारण त हैन ?**

त्यतिमात्र हैन । निजी क्षेत्रको ढुंगामा आश होला । अरु के-के मा आश होला नि, विभिन्न ।

**तपाईं काठमाडौंमा भाग्ने, अनि पार लाग्ला त ?**

म दुईटा योजनाले यता छु । पुरानो चिजहरूको बेथितिले पनि केही साथीहरूले असहयोग गर्ने काम भएको छ ।

**तपाईंमाथि भ्रष्टाचारको आरोप पनि लागेको रहेछ ?**

त्यो साथीहरूले नबुझेर गर्नुभएको होला । जिएमबाट हटाउन लागेकाहरूले त्यस्तो भनेका होलान् । म तुलामा जोखिन तयार छु ।

### मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/१७ गते निम्न विवरणको Bajaj pulsar 220 CC Model को रातो, कालो रङको मोटरसाइकल का.म.पा.-१६ माछापोखरीको नविल बैंक भएको घरबाट पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : दिनेश बोहोरा
बाइक नं.: बा.प्र -०२-०३७ प ७२९९
च्यासिस नं.: MD2A1BEXXNCL82871
इन्जिन नं. : DKXCNL37093
ठेगानाः लिखु तामाकोशी गा.पा.-७ रामेछाप
मो. : 9844440317

### राहदानी हरायो

मिति २०७९/०९/१९ गते चक्रपथदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : चित्रमाया बुढाथोकी
राहदानी नं : १५५८४२२
ठेगानाः वालिङ ११, स्याङ्जा
फोन नं : ९८१७११९९२६


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI MAHLIGAI SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०२ LT. No. 284337 चलानी नं. ६०१९९७६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 100 | 0 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : STAY WONDERFUL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०२ LT. No. 270699 चलानी नं. ६०१८६८६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing And Cleaning | 100 | 0 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAFA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ LT. No.283202 चलानी नं. ६०१९८०८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 47 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARGUS SHIELD SECURITY CONSULTANTS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०२ LT. No.283319 चलानी नं. ६०१९८०९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.** (LF RECRUITMENT, श्रम ईजाजत नं. ६६६/०६३/०६४)
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765
E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDUSTRI KEROPOK DUNIA

पुर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No 286081 चलानी नं. ६०२०१५०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९ **MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JEMCO MANUFACTURING SDN.BHD.

पुर्व स्वीकृति मिति : २०८०/०२/०२ LT. No. 286015 चलानी नं. ६०२०१४४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BISTROAMERICANA (PBJ) SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०२/०२ LT. No. 286014 चलानी नं. ६०२०१४४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 20 | 0 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.** Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5555792, 01-5555896
Email: khoji.nepal2022@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EKAL HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No. 286131 चलानी नं. ६०२०१४४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 98 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

कम्पनी : SEDER GROUP TRADING & CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No. 286100 चलानी नं. ६०२०१४४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOYA MASTER FOOD PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No. 286069 चलानी नं. ६०२०१४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 2 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : QE MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/०२ LT. No. 286044 चलानी नं. ६०२०१४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 50 | 1500 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Contact No: 01-5910485
Email : doc@grgnepal.com.np
License No. : 1535/078/079


## Modi Rural Municipality
## Office of Rural Municipal Executive
**Patichaur, Parbat**

# INVITATION FOR ELECTRONIC BIDS

*Date of Publication: 17th May, 2023*

1. The Modi Rural Municipality, Parbat invites electronic bids from eligible bidders for the Procurement of Works under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| S N | Contract No. | Project Name | Estimated Amount (Excluding Vat & Contingencies) | Bid Fee | Re. |
|---|---|---|---|---|---|
| 1 | 04/MRM/NCB/ GOODS/ 2079-80 | Procurement of Various Materials (Furniture, IT Equipment's and Books) for Public Library | Rs.49,99,984.60 | Rs. 3,000.00 | |

2. Bidding Documents is available Online and can be downloaded from e-GP System *www.bolpatra.gov.np/egp*. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
3. The Bids will be opened in the presence of bidder's representatives who choose to attend at 14:00 hrs on 16th Jun, 2023 at the office of Modi Rural Municipality, Patichaur, Parbat, Documents received after deadline shall not be accepted.

***Information regarding Bid Fee & Bid Security***

**For Bid Security**

Bid Security Fee: NRs. 1,25,000.00
Name of the Bank: Nepal Bank Ltd,Modi Branch Patichaur
Account Name: **GA 3.1-MODI GAPA STHANIYA TAHA DHARAUTI KHATA**
Account Number: **2603000003001000001**

**For Bid Document Fee**

Bid Document Fee: NRs. 3,000
Name of the Bank: Nepal Bank Ltd,Modi Branch Patichaur
Account Name: **GA 1.1-MODI GAPA AANTARIK RAJASWA KHATA**
Account Number: **3260300000100100000l**

***Chief Administrative Officer***

# प्रभाव दैनिक

बुधबार, ३ जेठ २०८० (Wednesday, May 17, 2023)


रूपशाला

## ताराको 'हे बरै' मा लक्ष्मण र रश्मी

गीतकार तारा अधिकारीको नयाँ गीत 'हे बरै' को म्युजिक भिडियो सार्वजनिक भएको छ। किशोर विश्वकर्माको स्वर र संगीत गीतमा छ। गीतको म्युजिक भिडियो पनि गीतकार अधिकारीले नै निर्देशन गरेका छन्। भिडियोमा लक्ष्मण विक्रम बस्नेत, रश्मी भट्ट, विनोद सुनार, अनुजा अधिकारी, निमिशा घिमिरे लगायतको अभिनय छ। देव पुनको छायांकन रहेको भिडियोलाई नहकुल खड्काले सम्पादन गरेका छन्। भिडियो सुनौलो तारा युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ।




# डिएसए स्टार घोषित



■ प्रभाव संवाददाता

**काठमाडौं–** परिवर्तन इभेन्ट हाउसले राजधानीमा आयोजना गरेको 'डिएसए स्टार २०२३' सिजन १० मा दिव्य नेपाली 'मिनी डीएसए डान्सिङ स्टार', बाटिका बिजुक्छे 'जुनियर डान्सिङ स्टार', आस्नी शाही 'जुनियर सिंगिङ स्टार', शिखा बराइली 'प्री-टिन डान्सिङ स्टार' र लोयाङ शेर्पा ' प्री-टिन सिङगिङ स्टार' घोषित भएका छन्।

प्रतियोगितामा 'मिनी डीएसए डान्सिङ स्टार'को फस्ट रनरअप हन्नाह राई भए। 'जुनियर डान्सिङ स्टार'तर्फ सृष्टि खड्गी फस्ट रनरअप, कृतिका भण्डारी सेकेण्ड रनरअप, श्रेया लामा थर्ड रनरअप, शिवालिका मिश्र फोर्थ रनरअप, अनिशा खड्का फिफ्थ रनरअप र सिम्रन राई सिक्थ रनरअप भए।

त्यस्तै 'जुनियर सिङगिङ स्टार'तर्फ टाशी डोमा शेर्पा फस्ट रनरअप भइन्। यस्तै 'प्री-टीन डान्सिङ स्टार'तर्फ रेजिना कार्की फस्ट रनरअप, नवाङ छोकी तामाङ सेकेण्ड रनरअप, रूपसा भट्टराई थर्ड रनरअप, सोनाम चोमु चुम्बा तामाङ फोर्थ रनरअप, निरज शर्मा फिफ्थ रनरअप र आकृति भट्टराई सिक्स्थ रनरअप घोषित भए।

'प्री-टीन सिङगिङ स्टार'तर्फ श्रेया सुनार फस्ट रनरअप, नेविन दाहाल सेकेण्ड रनरअप र तेन्जी डोमा लामा थर्ड रनरअप भए। प्रतियोगितामा शर्मिका लुँइटेल 'एक्टिर स्टार' घोषित भइन्। प्रतियोगितामा आरती श्रेष्ठ, दशरथ सुनार, विनय कार्की र मनोज आचार्य निर्णायक थिए। आयोजकका अनुसार प्रतियोगिताका विजेतालाई म्युजिक भिडियो र सन् २०२४ मा जर्जियामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको तर्फबाट प्रतिनिधित्व गराइनेछ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणी हार्तम्छाली प्रमुख आतिथ्यमा भएको कार्यक्रममा १० वार्षिक उत्सव को अवसर मा सम्मान स्वरूप शशीविक्रम थापालाई 'सिनियर सिंगर एण्ड म्युजिसियन अफ द इयर', पाल्मु शेर्पालाई 'राइजिङ सिंगर अफ द इयर', सुनिला थापा मगरलाई 'सोसियल वर्कर अफ द इयर', सुर्यमान सुनुवारलाई 'डिभोसनल सिंगर अफ द इयर', विक्रम नगरकोटीलाई ' लिगल कन्सल्टेन्ट अफ द इयर', मदनकुमार थापालाई 'फोक सिंगर अफ द इयर', शक्ति बराइलीलाई ' कमेडियन आर्टिस्ट अफ द इयर', भीमबहादुर तामाङलाई 'ड्रोन अपरेटर अफ द इयर', गंगाराम राईलाई 'सिनेमाटोग्राफर अफ द इयर', विक्रम गौतमलाई 'मुआ अफ द इयर' र कृष्णप्रसाद ढुंगेललाई ' कन्स्ट्रयाक्टर अफ द इयर'को अवार्डले सम्मान गरिएको थियो।

कार्यक्रममा भगवान गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने सन्देश विश्वभर फैलाउन योगदान दिएको भन्दै गायक धिरज राईलाई वरिष्ठ गायक लाक्पा शेर्पाले 'राष्ट्रिय सम्मान' प्रदान गरेका थिए। कार्यक्रमलाई बाबा एजुकेशन कन्सल्टेन्शीले मुख्य प्रायोजन गरेको थियो। हाउसकी सिइओ सोनिया जीआरले यस्ता कार्यक्रमबाट बालबालिकामा लुकेका प्रतिभालाई बाहिर ल्याउन सहज वातावरण बन्ने र राष्ट्रिय मात्र नभई अन्तर ाष्ट्रियस्तरमा समेत प्रतिष्पर्धा गर्न सक्ने क्षमताको विकास हुने बताइन्। कार्यकम राज बराइली र अनिशा खत्रीले सञ्चालन गरेका थिए।

रंगशाला

# दोस्रो बागमती प्रदेश खेलकुद जेठ ७ गतेदेखि

■ प्रभाव संवाददाता

**मकवानपुर –** आगामी जेठ ७ गतेबाट दोस्रो प्रदेश खेलकुद प्रतियोगिता हुने भएको छ। बागमती प्रदेश खेलकुद विकास परिषद्ले मंगलबार पत्रकार सम्मेलन गर्दै जेठ ७ देखि १३ गतेसम्म विभिन्न १३ विद्यामा खेलकुद प्रतिस्पर्धा हुने जानकारी दिइएको हो।

२१९ स्वर्ण पदकका लागि विभिन्न १३ वटा विधामा प्रतिस्पर्धा हुन लागेको बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले जानकारी दिए। उनका अनुसार २१९ स्वर्ण, २१९ रजत र ३५६ कांस्य गरी कुल ७९४ पदकका लागि २ हजार ५०२ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

अघिल्लो वर्ष प्रदेश खेलकुद प्रतियोगितामा ८ वटा विधामा प्रतिस्पर्धा भएकोमा यस वर्षमा भने १३ विद्यामा प्रितिस्पर्धा सञ्चालन गर्ने तयारी गरिएको उनले बताए। प्रदेश खेलकुद प्रतियोगिता अन्तर्गत प्रदेशका ४ जिल्लामा प्रतिस्पर्धा संचालान गरिने उनको भनाई।

उनका अनुसार प्रतियोगितामा फुटबल, भलिबल, एथ्लेटिक्स, तेक्वान्दो, कराते, बक्सिङ, उजु, जुडो, क्रिकेट, रग्वी, ब्याड्मिन्टन, पौडी र आईटिएफ तेक्वान्दोको खेल सञ्चालन हुने छ। १३ विद्यामा सञ्चालन हुने प्रतियोगितामा एक हजार ७५ महिला र एक हजार ४२७ पुरुष गरी २ हजार ५०२ जना खेलाडीले प्रतिस्पर्धा सदस्य सचिव भण्डारीले बताए। उनका अनुसार उक्त प्रतिस्पर्धाहरूमा २१९ स्वर्ण, २१९ रजत र ३५६ कांस्य गरी ७९४ पदकका लागि खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्।

महिला तथा पुरुष फुटबल, एथ्लेटिक्स, महिला र पुरुष भलिबल, रग्वी, कराते, तेक्वान्दो, आइटिएफ तेक्वान्दो, बक्सिङ र ब्याड्मिन्टन हेटौंडामा हुनेछ भने उसु र जुडो काठमाडौँमा हुनेछ। पौडी ललितपुरमा र महिला तथा पुरुष क्रिकेट प्रतियोगिता चितवनमा हुनेछ। अधिकांश खेलकुद प्रतियोगिता प्रदेश राजधानी हेटौंडामा नै गर्ने तयारी गरिएपनि खेलकुदका पूर्वाधार प्रर्याप्त नहुँदा अन्य जिल्लामा गर्नु पर्ने बाध्यता रहेको उनले बताए।

'हामीले अधिकांश खेलहरू हेटौंडामा नै गर्ने योजना बनाएका थियौं। सकेसम्म धेरै खेल प्रदेशको राजधानी हेटौंडामै गर्ने तयारी गरेका छौं। तर, हेटौंडामा सबै खेल प्रतियोगिताहरू सञ्चालन गर्नसक्ने परिस्थिति छैन। केही पूर्वाधारहरू नभएकाले हामीले चितवन, काठमाडौं र ललितपुरमा खेलहरू सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ। हेटौंडामा क्रिकेट, पौडी तथा उसु र जुडो खेल संचालनका लागि पूर्वाधार नभएकाले ति खेलहरू चितवन, ललितपुर र काठमाडौँमा सञ्चालन गर्ने तयारी गरिएको छ,' उनले भने।

प्रतियोगितको विजेता खेलाडीहरूले पदकसहित नगद पुरस्कार समेत प्राप्त गर्ने उनले बताए। उनका अनुसार प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले जनही क्रमशः नगद ५ हजार रूपैयाँ, ४ हजार रूपैयाँ र ३ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्।

प्रदेशका खेल प्रतिभाको खोजी, प्रदेशको टिम तयार र खेलाडीलाई नियमित अभ्यास र प्रशिक्षणको वातावरण बनाउने उद्देश्यका साथ हुन लागेको प्रदेश खेलकुदको तयारी अन्तिम चरणमा पुगेको छ। करिब ९ करोड ४२ लाख रूपैयाँ लागत अनुमान गरिएको उक्त प्रतियोगिताकाको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमरकट्टेलले गर्ने कार्यतालिका रहेको छ।

हेटौंडा ५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने उद्घाटनमा खेलाडीहरूको मार्चपाससहित नेपाल आर्मी र नेपाल प्रहरीको प्रस्तुति, झाँकी र राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहने सदस्य सचिव भण्डारीले बताए।

